# शिक्षा तथा स्वास्थ्य समितिको आ.व. २०७९/८० (२०७९/०४/०२ देखि २०७९/०५/०६ सम्म) का निर्णयहरु

## समितिकोको मिति २०७९/०४/०२ को बैठकको निर्णयः

शिक्षा तथा स्वास्थ्य समितिको बैठक समितिको सभापति माननीय जयपुरी घर्तीको सभापतित्वमा बस्यो । उक्त बैठकमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देबेन्द्र पौडेल, सचिव श्री यादवप्रसाद कोइराला, संशोधन प्रस्तावका प्रस्तुतकर्ता माननीय प्रेम सुवाल तथा कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव लोकहरि बस्यालको उपस्थितिमा योगमाया आयुर्वेद विश्वविद्यालय विधेयकका सम्बन्धमा छलफल गरी देहाय बमोजिमको निर्णय भयोः-

१. समितिको बैठकमा राष्ट्रिय सभामा उत्पति भएको योगमाया आयुर्वेद विश्वविद्यालय विधेयकका सम्बन्धमा सैद्धान्तिक छलफल भयो । उक्त विधेयकमा संशोधनकर्ता माननीय प्रेम सुवालले संशोधनको सम्बन्धमा आफ्नो धारणा राख्नुभयो । उहाँहरुको धारणाका सम्बन्धमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देबेन्द्र पौडेलले आफ्नो विचार प्रस्तुत गर्नुभयो ।

२. समितिको अर्को बैठक २०७९/०४/०३ गते मंगलबार बस्नेगरी आजको बैठक स्थगित भयो।

## समितिको मिति २०७९/०४/०३ को बैठकको निर्णयः

शिक्षा तथा स्वास्थ्य समितिको बैठक समितिको सभापति माननीय जयपुरी घर्तीको सभापतित्वमा बस्यो । आजको बैठकमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देबेन्द्र पौडेल, संशोधन प्रस्तावका प्रस्तुतकर्ता माननीय प्रेम सुवाल, मन्त्रालयका सह-सचिव हरिप्रसाद लम्साल, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका सह-सचिव मानबहादुर अर्याललगायत पदाधिकारीहरुको उपस्थितिमा योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७६ का सम्बन्धमा छलफल गरी देहाय बमोजिमको निर्णय भयोः-

१. राष्ट्रिय सभाबाट प्राप्त योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक,२०७६ सम्बन्धी प्रतिवेदनमा परिमार्जनसहित समितिबाट सर्वसम्मतिले पारित गरियो र उक्त पारित प्रतिवेदन प्रतिनिधि सभाको आगामी बैठकमा पेश गर्ने निर्णय गरियो।

२. समितिको अर्को बैठक अर्को सूचना भएपश्चात बस्नेगरी आजको बैठक स्थगित भयो।

## समितिको मिति २०७९/०४/०६ को बैठकको निर्णयः

शिक्षा तथा स्वास्थ्य समितिको बैठक समितिको सभापति माननीय जयपुरी घर्तीको सभातित्वमा बस्यो । उक्त बैठकमा माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री भवानीप्रसाद खापुङ, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवद्वय श्री देवकुमारी गुरागाई, डा. रोशन पोखरेल र स्वास्थ्य बीमा बोर्डका अध्यक्ष डा. सेनेन्द्र उप्रेती, कार्यकारी निर्देशक डा. दामोदर बसौला, सदस्य डा. सुरेश तिवारी, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नीति तथा योजना अनुगमन महाशाखाका प्रमुख डा. कृष्णप्रसाद पौडेल तथा शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रका कार्यकारी निर्देशक डा. चन्द्रमणि अधिकारीको

उपस्थितिमा स्वास्थ्य बीमामा देखिएका समस्या, शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र , बाँसबारीमा मुटुका विरामीको उपचारमा देखिएका समस्या र कोभिड-१९ को सङ्क्रमण दर बढेको सम्बन्धमा छलफल गरी देहाय बमोजिमका निर्देशन तथा सुझाव दिने निर्णय गरियोः-

**समितिको निर्देशन**

१ स्वास्थ्य बीमा ऐन, २०७४ अनुसार बीमा सेवा प्रवाह गर्दा जनतालाई समयमै सहज ढंगले सेवा प्रवाह नभएको व्यापक गुनासो आएकोले सहज र सजिलो ढंगले सेवा प्रवाह गर्ने ।

२ स्वास्थ्य विमा ऐन, २०७४ अनुसार बीमाको सेवा प्रवाह पूर्ववत रुपमा नै गर्ने व्यवस्था गर्ने ।

३ तोकिएका अस्पतालहरुमा स्वास्थ्य बीमा गरेकाहरुको हकमा आवश्यक छानबिनको प्रक्रिया पूरा गरी भुक्तानी गर्ने ।

४ शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रलगायत अन्य अस्पतालहरुमा मुटुको शल्यक्रियाका लागि आवश्यक पर्ने अक्सीजेनेटर मेशिनको अभावले शल्यक्रिया रोकिएकोले सो मेसिन कुटनीतिक पहल गरेर भएपनि छिटो भन्दा छिटो ल्याउने व्यवस्था गर्ने।

**समितिको सुझावः**

१. स्वास्थ्यसँग सम्बन्धित मेसिन, स्वास्थ्य सामाग्री खरिद गर्न इमरजेन्सी समस्या भएमा मन्त्रालयले उपाय खोज गरी छिटो ल्याउन व्यवस्था गर्ने ।

२. कोरोना भाईरस (कोभिड-१९) महामारीको संक्रमण दर क्रमशः बढ्दै गैरहेको अवस्थामा यसलाई फैलन नदिन पूर्व सावधानी र सर्तकता अपनाउनुका साथै आवश्यक तयारी गर्ने ।

**समितिकोको मिति २०७९/०४/३० को बैठकको निर्णयः**

शिक्षा तथा स्वास्थ्य समितिको बैठक समितिको सभापति माननीय जयपुरी घर्तीको सभापतित्वमा बस्यो । उक्त बैठकमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देबेन्द्र पौडेल, सचिव श्री रामकृष्ण सुवेदी, सहसचिव श्री दीपक शर्मालगायतका पदाधिकारीहरुको उपस्थितिमा संघीय शिक्षा विधेयक, खवप विश्वविद्यालय, नेपाल विश्वविद्यालय र CTEVT का सम्बन्धमा छलफल गरी देहाय बमोजिमको निर्णय भयोः-

१. गेटा मेडिकल कलेज, कैलालीको स्थलगत अनुगमन भ्रमणको प्रतिवेदन उक्त समितिका संयोजक मा. योगेशकुमार भट्टराईले समितिमा पेश गर्नुभयो ।

२. कोभिड-१९ को सम्बन्धमा सरकारले गरेका कामकारवाहीको अनुगमन गर्न गठित उपसमितिको संयोजकमा माननीय सरिता न्यौपानेलाई सर्वसम्मत रुपमा चयन गरियो।

३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निम्नबमोजिमको निर्देशन र सुझाव दिने निर्णय भयोः-

**निर्देशन**

१. संघीय शिक्षा विधेयक यथाशीघ्र संसदमा पेश गर्ने,

२. ख्वप विश्वविद्यालय र नेपाल विश्वविद्यालय विधेयक संसदमा पेश गर्ने,

३. *CTEVT* बाट सम्वन्धन प्राप्त प्रमाणपत्र तह मुनिको फेजआउट गर्ने भनिएका शिक्षण संस्थाहरु (अनमी, अहेव लगायत) लाई अपग्रेड गर्ने विषयमा हालसम्म ६५ वटाले मात्र स्वीकृति पाएको तर अन्य शिक्षण संस्थाहरुले पनि अपग्रेड गर्न स्वीकृतिको लागि माग गरेकोमा मापदण्ड पुरा गरी प्रकृयामा आएकालाई नियमानुसार स्वीकृति दिने । संस्थाले स्वीकृति प्राप्त गरिसकेकाको हकमा पनि मापदण्ड पूरा भएको छ वा छैन अध्ययन गरी यदि मापदण्ड पूरा नगरेको पाइएमा खारेज गर्न पनि समिति निर्देशन गर्दछ ।

**सुझाव**

- गेटा मेडिकल कलेज, कैलालीको आवश्यक प्रक्रिया पूरा गरी सञ्चालनमा ल्याउने ।

समितिको आगामी बैठक अर्को सूचना भएपछि बस्नेगरी आजको बैठक स्थगित भयो।

**समितिकोको मिति २०७९/०५/०६ को बैठकको निर्णयः**

शिक्षा तथा स्वास्थ्य समितिको बैठक समितिको सभापति माननीय जयपुरी घर्तीको सभापतित्वमा बस्यो । उक्त बैठकमा रिकभरी नेपाल, सेभ द चिल्ड्रेन,जागृति महिला महासंघ, NFWLHA, NAP+N, JMMS, FSGMN का प्रतिनिधिहरुको उपस्थितिमा HIV/AIDS र क्षयरोग सम्बन्धी अधिवक्ता श्री रुपनारायण श्रेष्ठको प्रस्तुतिकरणमा छलफल गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई देहाय बमोजिमको सुझाव दिने निर्णय गरियोः-

१ एच. आइ. भी./एड्स तथा यौनरोगको रोकथाम (नियन्त्रण, रोकथाम, पुनर्स्थापना तथा अधिकार संरक्षण गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको प्रस्तावित विधेयक स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा रहेको जानकारी प्राप्त भएकोले उक्त प्रस्तावित विधेयकलाई छलफल गरी अघि बढाउँने ।

२ एच. आइ. भी./एड्स संक्रमित महिला तथा पुरुषका बालबालिकालाई प्रदान गरिने भत्ता रु.१००० लाई समयसापेक्ष बढाउँदै लैजाने र संक्रमितका आश्रित परिवारलाई जीविकोपार्जनका लागि रोजगारीको व्यवस्था गर्ने ।

३ एच.आई.भी÷एड्स संक्रमित महिला र संक्रमण नभएका सुत्केरीको शल्यक्रिया गर्दा शल्यक्रियामा चाहिने स्वास्थ्य सामाग्रीहरु विरामीलाई नै किनाउने जनगुनासो आएकोले आमा सुरक्षा कार्यक्रम अन्तर्गत सुत्केरीको शल्यक्रिया निःशुल्क गर्न केही सरकारी र निजी अस्पतालबाट मात्र सो सुविधा प्राप्त भएकोमा अब सवै सरकारी र निजी अस्पतालहरुमा मापदण्ड तयार गरी यो कार्यक्रम लागू गर्न आवश्यक व्यवस्था गर्ने ।

४ एच. आइ. भी. /एड्स संक्रमित व्यक्तिहरुलाई पर्याप्त औषधीको व्यवस्था गर्ने।

समितिको आगामी बैठक अर्को सूचना भएपछि बस्नेगरी आजको बैठक स्थगित भयो।